गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
GOODWILL FINANCE LIMITED
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

Corporate Office
P.O. Box 8867, Hattisar, Kathmandu
Tel 01-4444039, Fax 01-4443414
Email info@goodwill.net.np
Web www.goodwillfinance.com.np
PAN 500846719

चलानी नं.९९६/१२२६०१-०२/०८१/०८२

मिति:-२०८१/१०/२

श्रीमान् प्रमुखज्यू,
नेपाल स्टक एक्सचेन्ज लि.,
सिंहदरबार प्लाजा, काठमाडौं ।

विषय:- तीसौं वार्षिक साधारण सभाको निर्णय (माइन्युट) पठाइएको बारे ।

महोदय,

यस वित्तीय संस्थाको तीसौं वार्षिक साधारण सभा मिति २०८१ पौष २९ गते (तदनुसार १३ जनवरी २०२५) मा गुडविल फाइनान्स लिमिटेड, गुडविल कम्प्लेक्स् हात्तिसार, काठमाडौंमा विहान ११:०० बजे बसी सम्पन्न भएकोले वित्तीय संस्थाको ३० औं वार्षिक साधारण सभाको निर्णय (माइन्युट), लेखा परिक्षकको नियुक्ती तथा आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण समेत यसै पत्र साथ प्रेषित गरिएको व्यहोरा अनुरोध गर्दछु ।

भवदीय,

स्वयम्भू शाक्य
(कम्पनी सचिव)

गुडविल फाइनान्स लि. (वित्तीय संस्था) जिफिल वि.सं. २०५१

बोधार्थ :

१. श्री नेपाल राष्ट्र बैंक
वित्तीय संस्था सुपरिवेक्षण विभाग,
बालुवाटार, काठमाडौं ।

२. श्री नेपाल राष्ट्र बैंक,
बैंक तथा वित्तीय संस्था नियमन विभाग,
बालुवाटार, काठमाडौं ।

३. श्री कम्पनी रजिष्ट्रारको कार्यालय,
त्रिपुरेश्वर, काठमाडौं ।

४. श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.,
पुतलीसडक, काठमाडौं ।

५. श्री नेपाल धितोपत्र बोर्ड,
गोदावरी रोड, ललितपुर ।

६. श्री एन आई बि एल एस क्यापिटल लि.,
लाजिम्पाट, काठमाडौं ।

पुनश्च: वार्षिक वित्तीय विवरणको मुद्रित पुस्तिका यसै साथ संलग्न छ ।

गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)
तीसौं वार्षिक साधारण सभाको
(निर्णय माईन्युट)

**साधारण सभा भएको स्थान :**

गुडविल फाइनान्स लिमिटेडको तीसौं वार्षिक साधारण सभा वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री दिलीप कुमार मुनंकर्मीज्यूको अध्यक्षतामा मिति २०८१ साल पौष २९ गते सोमबार (तदनुसार १३, जनवरी २०२५) मा गुडविल फाइनान्स लिमिटेड, गुडविल कम्प्लेक्स् हात्तिसार, काठमाडौंमा विहान ११:०० बजे शुरु भई दिनको ११:३० बजे सु-सम्पन्न भयो ।

**साधारण सभाको सुचना :**

यस वित्तीय संस्थाको तीसौं वार्षिक साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरु सहितको सम्पूर्ण विवरण खुलाई मिति २०८१ पौष ०८ गते कारोबार राष्ट्रिय दैनिक पत्रिकामा र मिति २०८१ पौष २१ गते कारोबार राष्ट्रिय दैनिक पत्रिका मार्फत शेयरधनी महानुभावहरुलाई इमेल एवं संस्थाको वेवसाइट www.goodwillfinance.com.np मार्फत जानकारी गराउदै संचालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाव र अन्य दस्तावेजहरु समेत प्रत्येक शेयरधनी महानुभावहरुको व्यक्तिगत ठेगानामा यथासमयमा पठाई एस. एम. एस. तथा टेलिफोनबाट समेत पुन: जानकारी गरिएको थियो ।

ख) **छलफलका बिषयहरु :**

१) संचालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिवेदन ।
२) लेखा परीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात तथा आ.व. २०८०/०८१ को नाफा-नोक्सान हिसाव र नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३) लेखा समितिको सिफारिस बमोजिम आ.व. २०८१/०८२को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रामिक निर्धारण गर्ने ।
४. विविध

**उपस्थिति :**

**संचालकज्यूहरु :**

| | |
|---|---|
| १. श्री दिलीप कुमार मुनंकर्मी | अध्यक्ष |
| २. श्री पशुपति भक्त श्रेष्ठ | संचालक |
| ३. श्री जेनी जोशी | संचालक |
| ४. श्री उद्धयश्वर श्रेष्ठ | संचालक |
| ५. प्रा.डा.श्री सुशिल भक्त माथेमा | स्वतन्त्र संचालक |

**पदाधिकारीहरु**

| | | |
|---|---|---|
| १. | श्री सरोज काजी तुलाधर | प्रमुख कार्यकारी अधिकृत |
| २. | श्री स्वयम्भू शाक्य | कम्पनी सचिव |
| ३. | श्री पारस नरसिंह प्रधान | कार्यकारी प्रवन्धक |
| ४. | श्री ज्ञानेन्द्र बहादुर भारी | वाह्यि लेखा परिक्षक |

**सभामा शेयरधनीहरुको प्रतिनिधित्व :**

उदघोषक कम्पनी सचिवले तीसौं वार्षिक साधारण सभा शुरु गर्न लागेको जानकारी दिदैं शेयरधनी महानूभावहरुलाई सभा भवन भित्र आई आ–आफनो आसन ग्रहण गरि दिनु हुन अनुरोध गर्नु भएपछि यस वित्तीय संस्थाका संचालक समितिका अध्यक्ष श्री दिलीप कुमार मुनंकर्मीज्यूको अध्यक्षतामा सभा संचालन गर्न जानकारी दिए पश्चात अध्यक्षज्यूको आज्ञानुसार कम्पनी सचिवले कम्पनी ऐन बमोजिम सहभागी स्वयम् उपस्थित र प्रोक्सी समेत गरि जम्मा ६३ प्रतिशत शेयरधनी महानूभावहरुको प्रतिनिधित्व समेत भईसकेकोले गणपुरक संख्या पूरा भई आजका तीसौं बार्षिक साधारण सभा सु–सम्पन्न गर्नको लागि सभाका अध्यक्ष महोदयले हार्दिक अनुरोध गर्नु भएपछि दिनको ११:०० बजे यस वित्तीय संस्थाको तीसौं बार्षिक साधारण सभाको कार्यक्रम आरम्भ भयो ।

**अध्यक्षज्यूबाट संचालक समितिको बार्षिक प्रतिवेदन**

सभामा अध्यक्षज्यूले संचालक समितिको तर्फबाट आ.ब. २०८०/०८१ को बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो । बार्षिक प्रतिवेदन प्रस्तुत गरी सकेपछि छलफलका लागि अध्यक्ष महोदयले आव्हान गर्नु भएको थियो ।

**लिखित रुपमा सल्लाह सुझाव दिने शेयरधनी महानुभावहरु**

श्री महेन्द्र बहादुर श्रेष्ठ, श्री रोज कुमार श्रेष्ठ, श्री राम मान श्रेष्ठ, श्री ब्रम्हदेव शाक्य, श्री सुदिप श्रेष्ठ, श्री अमिर दास रंन्जित, श्री राम गोपाल महर्जन, श्री नरसिंह लाल चँखु, श्री इन्द्र प्रसाद लामिछाने, श्री इन्द्र कृष्ण श्रेष्ठ, श्री उद्धव प्रसाद घिमिरे, श्री शत्रुघन श्रेष्ठ, श्री लक्ष्मण बहादुर श्रेष्ठ, श्री निरुपमा गुप्ता, श्री चन्द्र नारायण श्रेष्ठ, श्री कृष्ण प्रसाद अधिकारी, श्री लवराज जोशी, श्री नारायण सुन्दर श्रेष्ठ, श्री उत्सब सुन्दर श्रेष्ठ, श्री बैजुनाथ रौनियार, श्री गोविन्द बहादुर के.सी., श्री उत्तम पाठक, श्री डमरु बल्लभ घिमिरे र श्री जगनाथ आचायले लिखित रुपमा सल्लाह सुझाव दिनु भएको थियो ।

**अध्यक्षज्यूको प्रतिउत्तर**

अध्यक्षज्यूले शेयर धनीहरुले दिनु भएको लिखित मन्तव्य प्रति धन्यवाद दिदै यहाँहरुको सुझावलाई समय परिस्थिति अनुसार सुधार गर्दै जाने तर्फ प्रतिवद्धता व्यक्त गर्नु भएको थियो ।

निर्णयहरु

१. तीसौं वार्षिक साधारण सभाका लागि निर्धारित छलफलका विषयसूची अनुसार विस्तृत छलफल पछि सर्वप्रथम अध्यक्ष महोदयले सभामा संचालक समितिको प्रतिवेदन अनुमोदनको लागि प्रस्ताव राख्नु भएकोमा सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

२. लेखापरिक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तसम्मको वासलात तथा आ.ब. ०८०/०८१ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण स्वीकृती गरी दिने प्रस्तावमा छलफल पश्चात सभाले सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

३. लेखा समितिको सिफारिस बमोजिम आ.ब.०८१/०८२ को लागि लेखापरिक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने प्रस्ताव सम्वन्धमा सभामा छलफल हुदाँ आ.ब.०८१/०८२ को लागि लेखापरिक्षकमा श्री बिदुर एसोसियट्सलाई नियुक्ती गर्ने र निजको पारिश्रमिकको हकमा रु. १०,५०,०००। अक्षरेपी दश लाख पचास हजार रुपैया (लेखा परिक्षण कार्यमा लाग्ने सम्पूर्ण खर्च, कर सम्बन्धि लेखा परिक्षण तथा भ्याट सहित) प्रदान गर्ने सर्वसम्मतिबाट पारित गर्ने निर्णय गरियो ।

४. विविध अन्तर्गत कुनै छलफल भएन ।

अन्तमा, यस वित्तीय संस्थाको तीसौं बार्षिक साधारण सभामा संचालक समितिका स्वतन्त्र संचालक प्रा.डा. सुशिल भक्त माथेमाज्यूले धन्यवाद ज्ञापन गर्नु भएको थियो । आजको सभा विर्सजन गर्दै अध्यक्ष महोदयले लामो समयसम्म धैर्यतापूर्वक साधारण सभामा सहभागी भएर संचालक समितिले पेश गरेको प्रस्तावहरु पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई धन्यबाद दिदै सभा सफलतापूर्वक सु-सम्पन्न गर्न सबै पक्षहरुबाट सहयोग प्राप्त भएकोमा सबै प्रति आभार व्यक्त गर्दै तीसौं बार्षिक साधारण सभा विर्सजन गर्नु भयो ।

दिलीप कुमार मुनंकर्मी
अध्यक्ष
संचालक समिति

स्वयम्भू शाक्य
(कम्पनी सचिव)